# कमजोर शिशुहरुकोलागि दाताको प्रशोधित मानव दुग्ध

Pasteurised Donor Human Milk
for Vulnerable Babies

Nepali

## NSW Health (एनएसडब्ल्यू स्वास्थ्य) र Australian Red Cross Lifeblood Service (अष्ट्रेलियन रेड क्रस रक्त जिवन सेवा) मिलेर NSW का कमजोर शिशुहरूका लागि यदि आमाको आफ्नै दूध उपलब्ध नभएको खण्डमा सबैभन्दा उत्तम र सुरक्षित वैकल्पिक आहार प्रदान गर्न काम गर्दैछन्।

दाताको प्रशोधित मानव दुग्ध (PDHM) एउटा महत्वपूर्ण स्रोत हो र केवल यसबाट सबैभन्दा बढी लाभान्वित हुनसक्ने सबैभन्दा सानो वा बिरामी शिशुहरूका लागि मात्र प्रयोग गरिन्छ। यसमा पर्याप्त समय नपुगी जन्मेका , पेट वा मुटुको समस्या भएका वा अन्य गम्भीर समस्याहरू भएका शिशुहरू समावेश छन्।

कमजोर बालकको लागि आफ्नै आमाको दुग्ध नै उत्तम पोषण हो। केही आमाहरूलाई शुरुका हप्ताहरूमा जब उनीहरूको शिशु Neonatal Intensive Care Unit (नवजात शिशु सघन स्याहार इकाई) (NICU) मा हुन्छन् पर्याप्त दुग्ध आपूर्ति स्थापना गर्न चुनौतीपूर्ण हुन सक्छ। यदि यो हुन्छ र तपाईंको शिशुले मापदण्ड पूरा गर्दछ भने, तिनीहरू दाताको प्रशोधित मानव दुग्ध प्राप्त गर्न योग्य हुनेछन्।

## कृत्रिम पाउडर दुग्धको तुलनामा मानव दुग्ध

मानव दुग्ध तपाईंको बच्चाको लागि सर्वोत्कृष्ट पौष्टिक तत्व हो किनभने:

- कृत्रिम दुग्धको तुलनामा पचाउन सजिलो छ
- यसले पेटका भित्ताहरु र पेटको सुरक्षा गर्छ र Necrotising Enterocolitis (नेक्रोटाइजिंग एन्ट्रोकोलाइटिस) (NEC) को रूपमा चिनिने गम्भिर आन्द्रा रोगको जोखिम वा गम्भीरतालाई कम गर्दछ।
- यसले केही गम्भीर संक्रमणको विरूद्ध संरक्षण प्रदान गर्दछ
- मानव दुग्धमा धेरै तत्वहरू छन् जुन कृत्रिम दुग्धमा राख्न असम्भव छ
- यसले तपाईंको बच्चाको समुचित विकास र दीर्घकालीन मस्तिष्क विकासको गर्दछ।

**मानव दुग्ध नै मानव शिशुहरूको लागि सर्वोत्तम हुन्छ।**

## बारम्बार सोधिने प्रश्नहरू

### मेरो बच्चाले कति लामो समयसम्म दाताको प्रशोधित मानव दुग्ध  लिन सक्दछ?

यदि तपाईंको शिशु दाताको प्रशोधित मानव दुग्ध प्राप्त गर्न योग्य भएमा तपाईंको शिशुको डाक्टरले नै उक्त दुग्ध मगाइदिने छन्।  जब तपाईंको आफ्नै दूधले नै तपाईंको बच्चाको आवश्यकता पूरा हुनथाल्छ, दाता दुग्धको आवश्यकता पर्दैन। तर यदि तपाईंको आफ्नै दुग्ध उपलब्ध छैन भने तपाईंको शिशुलाई, उनीहरू उच्च जोखिममा नभए, लगभग ३४ हप्तादेखि कृत्रिम दुग्ध दिन शुरु गरिनेछ।

### के दाताको प्रशोधित मानव दुग्ध यसको आवश्यकता भएका सबै शिशुहरूका लागि सँधै पर्याप्त मात्रामा उपलब्ध हुनेछ?

कहिलेकाँही धेरै बच्चाहरूलाई दाताको मानवीय दुग्ध उपलब्ध भएको भन्दा बढी आवश्यक हुन सक्दछ। यदि यो भयो भने, दाताको मानव दुग्ध साना र बिरामी बच्चाहरूलाई दिइनेछ। यदि यसले तपाईंको बच्चाको लागि आपूर्तिलाई असर गर्छ भने तपाईंलाई जानकारी गराईनेछ।

### के प्रसोधनले स्तन दुग्धलाई परिवर्तन गर्दछ?

तपाईंको आफ्नै दुग्ध विशेष गरी तपाईंको बच्चाको लागि बनाईएको हो। जब हामी दातालाई मानवीय दुग्ध प्रसोधन गर्छौं यसलाई सुरक्षित बनाउन त्यहाँ कही तत्वहरू हराउँछन्। यसले अझै पनि धेरै कारकहरू समावेश गर्दछ जसले तपाईंको बच्चालाई बचाउन मद्दत गर्दछ जुन कृत्रिम दुग्धमा उपलब्ध हुँदैन।

### आमाको दुग्ध कसले दान गर्छ?

दाताको मानव दुग्ध एउटा आमाबाट अर्को आमालाई दिईने एक उदार उपहार हो। उनीहरूले आफ्नै बच्चालाई दुग्ध खुवाइरहेका हुन सक्छन् र धेरै दुग्ध पाउन सक्छन् वा उनीहरूले आफ्नै बच्चाको लागि स्थिर दूधको आपूर्तिको लागि बरफ गरेर राखेको हुन्छ तर अहिले उनिहरुको बच्चा NICU  निस्किसकेका छन्। बच्चा गुमाएपछि, आमाहरूले आफ्ना बच्चालाई सम्मान गर्ने र अन्य बच्चाहरूलाई स्वस्थ जीवनको उत्तम मौका दिने रूपमा दुग्ध दोहेर राख्न जारी राख्न सक्दछन्।

### दाता दुग्ध कत्तिको सुरक्षित छ?

महिलाहरू एउटा अन्तर्वार्ता र उनीहरूको दूध सुरक्षित छ भनेर निश्चित गर्न रगत परीक्षण गरेपछि मात्र दूध दान गर्न योग्य हुन्छन्। https://www.lifeblood.com.au/milk मा दान प्रक्रियाको बारेमा पत्ता लगाउनुहोस्।

ताको मानव दुग्ध हानिकारक ब्याक्टेरिया र भाइरस मार्न प्रसोधन गरिएको हुन्छ। संक्रमणको जोखिमलाई, जतिसुकै न्युन भएपनि, पुरै हटाउन सकिंदैन। Australian Red Cross Lifeblood Service Milk Bank (अष्ट्रेलियाई रेड क्रस रक्त जिवन सेवा दूध बैंक) NSW Health र NSW Food Authority (NSW खाद्य प्राधिकरण) ले सुरक्षा र संक्रमण दिशानिर्देशहरूको पालना गर्दछ। विश्वव्यापी मानव दुग्ध बैंकिङ्गको दशकहरूमा, त्यहाँ सही रूपमा प्रशोधित मानव दाता दुग्धको कारण संक्रामक रोगहरूभएको कुनै रिपोर्ट प्रकाशित भएको छैन।

### के आमाले दुग्ध दान गर्दा पैसा पाऊँदछन्?

पाऊँदैनन्। आमाहरूलाई दुग्ध दान गर्नकोलागि पैसा भुक्तान गरिएको हुँदैन।

### के मैले  मेरो बच्चालाई दिइएको दुग्ध कसले दिएको हो थाहा पाउनसक्छु?

सक्नुहुन्न। हामी दुवै दाता र दुग्ध प्राप्त गर्नेको बारेकडा गोपनीयता कायम राख्छौं। यो हाम्रो नीति हो।